मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
स्ट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, बिन्ध्यबासिनी मन्दिर, महेन्द्र गुफा
स्ट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पश्चिमा क्याजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९ फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क १४० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ जेठ २२ गते शुक्रबार ❑ 5 June 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-

## गौतमबुद्ध विमानस्थलबाट नियमित उडान गर्नुपर्नेमा जोड

रासस
काठमाडौँ, २१ जेठ

नेपाल र भारतबीचको आर्थिक, व्यापारिक तथा लगानी सहकार्यलाई थप प्रभावकारी बनाउँदै साझा समृद्धिको आधार निर्माण गर्नुपर्नेमा दुवै देशका सरकारी तथा निजी क्षेत्रका प्रतिनिधिले जोड दिनुभएको छ।

गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थलको पूर्ण सञ्चालन, सीमावर्ती क्षेत्रको औद्योगिकविकास तथा लुम्बिनीको अन्तरराष्ट्रिय पर्यटन प्रवर्द्धनमा भारतको निजी क्षेत्रको सक्रिय सहभागिताको आवश्यकता औँल्याइएको हो।

बिहीबार भारतको गोरखपुरमा आयोजित 'भारत-नेपाल आर्थिक सहयोग मञ्च-२०२६' मा सहभागी वक्ताहरूले कृषि, पर्यटन, ऊर्जा, बैंकिङ, पूर्वाधार, औद्योगिक लगानी र सीमापार व्यापारलाई प्राथमिकतामा राखेर द्विपक्षीय सहकार्यलाई नयाँ उचाइमा पुऱ्याउनुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा नेपाली निजी क्षेत्रका प्रतिनिधिले गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थललाई अन्तरराष्ट्रिय उडानको केन्द्रका रूपमा नियमित गर्न र विकास गर्न भारतीय वायुसेवा कम्पनी तथा निजी क्षेत्रको सहयोग आवश्यक रहेको बताउनुभयो।

विमानस्थल सञ्चालनले लुम्बिनी क्षेत्रको पर्यटन, व्यापार र लगानी प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुग्ने सहभागीले धारणा राख्नुभयो। छलफलका क्रममा भैरहवास्थित विशेष आर्थिक क्षेत्र (सेज)मा भारतीय उद्योग आकर्षित गर्न नीतिगत तथा व्यावसायिक सहकार्य आवश्यक रहेको विषय पनि उठाइएको थियो। सहभागीले सीमावर्ती क्षेत्रका औद्योगिक सम्भावनाको उपयोग गर्दै संयुक्त लगानी र उत्पादन विस्तार गर्नुपर्नेमा जोड दिएका छन्। लुम्बिनीलाई अन्तरराष्ट्रिय धार्मिक तथा सांस्कृतिक पर्यटन केन्द्रका रूपमा स्थापित गर्न भारतीय पर्यटन व्यवसायी र निजी क्षेत्रले थप भूमिका खेल्नुपर्नेमा पनि वक्ताले जोड दिएका हुन्। बुद्ध जन्मस्थल लुम्बिनीलाई भारतीय बौद्ध पर्यटक तथा अन्तरराष्ट्रिय पर्यटकको प्रमुख गन्तव्यका रूपमा प्रवर्द्धन गर्न संयुक्त अभियान सञ्चालन गर्नुपर्ने सुझाव दिइएको थियो।

भारतस्थित नेपाली दूतावासका सहसचिव तारानाथ अधिकारीले नेपाल र भारतबीचको आर्थिक सम्बन्धलाई थप मजबुत बनाउन व्यापार, पर्यटन, लगानी र पूर्वाधार विकासका क्षेत्रमा सहकार्य विस्तार गर्नुपर्ने बताउनुभयो। उहाँले दुवै देशका निजी क्षेत्रबीचको साझेदारी आर्थिक समृद्धिको महत्वपूर्ण आधार बन्न सक्ने उल्लेख गर्नुभयो। भारतस्थित नेपाली दूतावासका इकोनोमिक काउन्सिलर रवीन्द्रजङ्ग थापाले नेपालमा लगानी, उद्योग, पर्यटन र व्यापारका प्रशस्त सम्भावना रहेको बताउँदै निजी क्षेत्रको सक्रिय सहभागिताले द्विपक्षीय आर्थिक सम्बन्ध थप सुदृढ हुने विश्वास व्यक्त गर्नुभयो। नेपाल उद्योग वाणिज्य महासङ्घका उपाध्यक्ष कृष्णप्रसाद शर्माले व्यापार सहजीकरण, लगानीमैत्री वातावरण निर्माण तथा सीमावर्ती क्षेत्रको आर्थिक विकासलाई प्राथमिकता दिनुपर्ने बताउनुभयो। उहाँले नेपाल-भारत आर्थिक सम्बन्धलाई व्यवहारिक र परिणाममुखी बनाउन निजी क्षेत्रको भूमिका महत्वपूर्ण रहेको धारणा राख्नुभयो।

भारत-नेपाल आर्थिक सहयोग मञ्चका सचिव उपाध्यक्ष तथा कार्यक्रमका अध्यक्ष कमलेस जैनले नेपाल-भारत आर्थिक सहकार्यका सम्भावना, व्यापारिक सम्बन्ध र निजी क्षेत्रको भूमिकाबारे जानकारी गराउँदै दुवै देशबीचको साझेदारीलाई थप परिणाममुखी बनाउनुपर्ने बताउनुभयो।

## पोखराको फोहोरमा भेटियो ग्रिनेट, नेपाली सेनाले अनुसन्धान गर्दै

पोखरापत्र संवाददाता
पोखरा, २१ जेठ

पोखरा महानगरपालिका-२१ निर्मलपोखरीस्थित फोहोर व्यवस्थापन स्थलमा ग्रिनेट फेला परेपछि नेपाली सेनाले अनुसन्धान सुरु गरेको छ।

बिहीबार बिहान पोखराका विभिन्न क्षेत्रबाट सङ्कलन गरिएको फोहोरमा कवाडी सामग्री खोज्ने क्रममा रिमा शेर्पाले शंकास्पद वस्तु भेटे पछि प्रहरीले नेपाली सेनालाई उक्त विषयमा जानकारी गराएसँगै हाल नेपाली सेनाले ग्रिनेटको विषयमा अनुसन्धान गर्दै गरेको हो।

जिल्ला प्रहरी कार्यालय कास्कीका सूचना अधिकारी विरेन्द्रकुमार पासवानले बम जस्तो शंकास्पद वस्तु ग्रिनेट रहेको पुष्टि भएसँगै थप अनुसन्धानको लागि नेपाली सेनाको डिस्पोजल टोलीले उक्त वस्तुको अध्ययन गर्न थालेको बताउनु भयो। पोखरा-१७ रातोपहिरो, पर्वतीय संग्रहालय आसपासका क्षेत्रबाट सङ्कलन गरिएको फोहोर बोकेको पोखरा महानगरपालिकाको गाडी (ग १ ख ५४३७) मार्फत ल्याइएको फोहोरमा ग्रिनेट फेला परेको बताइन्छ। फोहोरको थुप्रोमा भेटिएको ग्रिनेटलाई शेर्पाले हातमा लिएर हेर्दै गर्दा त्यहीँ कार्यरत एक एक्स्काभेटर चालकले देखेपछि सुरक्षित रूपमा राख्न लगाउनु भएको स्थानियले बताउन भयो। घटनाबारे जानकारी प्राप्त हुनासाथ वडा प्रहरी कार्यालय बैदामको टोली घटनास्थल पुगेको थियो। त्यसपछि नेपाली सेनाको बम डिस्पोजल टोलीलाई खबर गरिएको थियो। जिल्ला प्रहरी कार्यालय कास्कीले फोहोरबाट दुई वटा ह्याण्ड ग्रिनेट र एउटा स्मोक ग्रिनेट फेला परेको जनाएको छ। बमजस्तो शंकास्पद वस्तु भेटिएसँगै नेपाली सेनाको टोलीले ती ग्रिनेटलाई थप अनुसन्धानका लागि नियन्त्रणमा लिएको छ।

कार्यालयका सूचना अधिकारी पासवानका अनुसार ग्रिनेटको अवस्था, उत्पत्ति र फोहोरमा कसरी पुग्यो भन्ने विषयमा अनुसन्धान भइरहेको छ। घटनापछि प्रहरीले क्षेत्रलाई केही समय नियन्त्रणमा लिएर सुरक्षा सतर्कता अपनाएको थियो। फोहोर व्यवस्थापन स्थलमा विस्फोटक सामग्री फेला परेपछि स्थानीयवासीमा त्रसित भएका छन्।

उक्त विषयको तत्काल अनुसन्धान गर्न स्थानियको जोडदार माग रहेको छ।

## शुक्रबारदेखि गण्डकी प्रदेश विद्यालय क्रिकेट च्याम्पियनसिप हुँदै

पोखरापत्र संवाददाता
पोखरा, २१ जेठ

नेपाली क्रिकेटमा नयाँ पुस्ताका प्रतिभा खोज्ने लक्ष्यसहित गण्डकी प्रदेश राष्ट्रिय विद्यालय क्रिकेट च्याम्पियनसिप शुक्रबारदेखि पोखरा रङ्गशालाको क्रिकेट मैदानमा सुरु हुँदैछ।

गण्डकी प्रादेशिक क्रिकेट सङ्घको आयोजनामा हुन लागेको प्रतियोगिताले विद्यालय तहबाट क्रिकेटको जग बलियो बनाउने, ग्रामिण तथा जिल्लास्तरमा लुकेका प्रतिभालाई राष्ट्रिय मञ्चसम्म पुऱ्याउने र भविष्यका राष्ट्रिय खेलाडी उत्पादन गर्ने उद्देश्य लिएको आयोजकले जनाएको छ। प्रतियोगितामा गण्डकी प्रदेशका कास्की, नवलपुर, स्याङ्जा र पर्वत जिल्लाका उत्कृष्ट विद्यालय टोलीबीच उपाधिका लागि प्रतिस्पर्धा हुने आयोजक गण्डकी प्रदेश क्रिकेट सङ्घका अध्यक्ष सज्जयकान्त सिग्देलले जानकारी दिनुभयो। उहाँका अनुसार जिल्ला स्तरीय छनोट

बाँकी अन्तिम पृष्ठमा ▶▶

## गण्डकी प्रदेशसभामा नीति तथा कार्यक्रममाथि छलफल जारी

पोखरापत्र संवाददाता
पोखरा, २१ जेठ

गण्डकी प्रदेश सरकारको आगामी आव २०८३/०८४ को नीति तथा कार्यक्रममाथि प्रदेशसभामा छलफल जारी छ। बिहीबारको बैठकमा ११ जना प्रदेशसभा सदस्यहरूले नीति तथा कार्यक्रममाथिको छलफलमा भाग लिनुभयो।

प्रदेशसभा सदस्य दीपेन्द्रबहादुर थापाले नीति, कार्यक्रम र बजेटले नागरिकको जीवनस्तरमा गुणात्मक सुधा ल्याउनुपर्ने बताउनुभयो। सङ्घ र स्थानीय तहसँगको समन्वयमा प्रदेशलाई आत्मनिर्भर र समुन्नत बनाउनुपर्ने उहाँको भनाइ छ। प्रदेशसभा सदस्य लिलबहादुर थापामगरले जनचाहनाअनुसार प्रदेश सरकारको कार्यशैली र व्यवहार सुधार हुनुपर्नेमा जोड दिनुभयो। उहाँले नीति तथा कार्यक्रमले समग्र प्रदेशलाई दिशानिर्देशन गर्नुपर्ने उल्लेख गर्नुभयो। यथार्थ र परिणाममुखी बजेट तथा कार्यक्रम ल्याउनुपर्नेमा उहाँको जोड छ।

प्रदेशसभा सदस्य सुशिला सिम्खडाले गरिबी र बेराजेगारी अन्त्यका लागि बजेट तथा कार्यक्रम केन्द्रित गर्नुपर्ने बताउनुभयो। प्रदेश सरकारले सुशासन र सामाजिक न्यायको प्रत्याभूति दिलाउनुपर्ने उहाँको भनाइ छ। नीति तथा कार्यक्रममा केही नयाँ र आकर्षक कार्यक्रम ल्याइए पनि तिनको कार्यान्वयन भने चुनौतीपूर्ण रहेको उहाँले बताउनुभयो। प्रदेशसभा सदस्य विकल शेरचनले प्रदेशका योजना र कार्यक्रमलाई आर्थिक समृद्धिसँग जोड्नुपर्ने बताउनुभयो। उद्यमशीलता र लगानी प्रवर्द्धनका कार्यक्रम सञ्चालन गर्नुपर्ने उहाँको भनाइ छ। कृषिलाई व्यावसायिक बनाउनुपर्नेमा उहाँको जोड छ। प्रदेशसभा सदस्य श्यामराजा महतले प्रदेश सरकारले दिगो र दीर्घकालीन महत्वका योजना सञ्चालन गर्नुपर्ने बताउनुभयो।

प्रदेशसभा सदस्य रेशमबहादुर जुग्जालीले प्रदेश गौरवका आयोजनाको गति दिनुपर्ने बताउनुभयो। प्रदेशसभा सदस्य पार्वती तामाङ, नन्दकला दमाई नेपाली, सरस्वती अर्याल तिवारी, देवका पहाडी त्रिपाठी र भक्तबहादुर कुँवरले नीति तथा कार्यक्रममाथि आफ्ना धारणा राख्नुभएको थियो। प्रदेश प्रमुख डिल्लीराज भट्टले मङ्गलबार प्रदेशसभामा प्रस्तुत गर्नुभएको नीति तथा कार्यक्रममाथि बुधबारदेखि छलफल सुरु भएको हो।

नीति तथा कार्यक्रममाथिको छलफलका क्रममा प्रदेशसभा सदस्यहरूबाट उठेका प्रश्नको मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले जवाफ दिएपछि नीति तथा कार्यक्रम प्रदेशसभाबाट पारित हुने प्रदेशसभा सचिवालयले जनाएको छ। बिहीबारको बैठकको शून्य समयमा प्रदेशसभा सदस्य कुसुम बुढा पुन, टीकाकुमारी बस्याल, देवका पहाडी त्रिपाठी, नन्दकला नेपालीलगायतले समसामयिक विषयमा भनाइ राख्नुभएको थियो।

## 'सिड रोडम्याप' कार्यान्वयनमा जोड

पोखरापत्र संवाददाता
पोखरा, २१ जेठ

महिलाविरुद्ध हुने विभेद र हिंसा अन्त्यका लागि नेपालले गरेका अन्तरराष्ट्रिय प्रतिबद्धता व्यवहारमा कार्यान्वयन गर्न स्थानीय तहको भूमिका अझ सशक्त बनाउनुपर्नेमा सरोकारवालाले जोड दिएका छन्।

महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय र गैरसरकारी संस्था साथीको सहकार्यमा गण्डकी प्रदेशमा आयोजित 'महिलाविरुद्धको भेदभाव उन्मूलन समिति (सिड) रोडम्यापसम्बन्धी अभिमुखीकरण कार्यक्रम'मा सहभागीले महिला अधिकार, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई स्थानीय सरकारका नीति, योजना, बजेट तथा कार्यक्रमसँग प्रत्यक्ष रूपमा जोड्नुपर्ने आवश्यकता औँल्याएका हुन्। कार्यक्रममा सामाजिक विकास, युवा तथा खेलकुद




मन्त्रालय गण्डकी प्रदेशका सचिव शेषनारायण पौडेलले कानुनी व्यवस्थाले मात्र महिला अधिकार सुनिश्चित नहुने बताउँदै त्यसको परिणाममुखी कार्यान्वयनमा सबै तहका सरकार जिम्मेवार हुनुपर्ने उल्लेख गर्नुभयो। महिला अधिकार अभियन्ता तथा सिड समितिकी सदस्य वन्दना राणाले नेपालमा महिला अधिकारसम्बन्धी कानुनी संरचना दक्षिण एसियामै प्रगतिशील रहे पनि राज्यका निकायहरूबीच समन्वय र जवाफदेहिता कमजोर रहेकाले कार्यान्वयन पक्ष अझै चुनौतीपूर्ण रहेको बताउनुभयो।

उहाँले भन्नुभयो, "कानुन निर्माण महत्वपूर्ण हो, तर त्यसको प्रभाव नागरिकले महसुस गर्ने गरी कार्यान्वयन हुनुपर्छ", महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयकी सहसचिव आभा श्रेष्ठ कर्णले महिला अधिकारको प्रवर्द्धन तथा विभेद न्यूनीकरणका लागि सङ्घ, प्रदेश र स्थानीय सरकारबीच सहकार्य अपरिहार्य रहेको बताउनुभयो।

उहाँका अनुसार सिड रोडम्यापको प्रभावकारी कार्यान्वयनले महिलाको समान अवसर, निर्णय प्रक्रियामा सहभागिता र न्यायमा पहुँच सुनिश्चित गर्न सहयोग पुग्नेछ।

मन्त्रालयका उपसचिव इन्दिरा आचार्य पन्थीले महिलामाथि हुने हिंसा तथा विभेदका सामाजिक र सांस्कृतिक अभ्यास अन्त्य नगरी लैङ्गिक समानता हासिल गर्न कठिन हुने बताउनुभयो।

कार्यक्रममा सहभागी स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीले महिला अधिकार र लैङ्गिक समानतासम्बन्धी कार्यक्रमहरूको समीक्षा गर्दै कार्यान्वयनका चुनौती, उपलब्धि र आगामी प्राथमिकतामाथि समूहगत छलफल गरेका थिए। गण्डकी प्रदेशका ११ जिल्लाका ८५ वटै स्थानीय तहका उपप्रमुख, उपाध्यक्ष, महिला तथा बालबालिका शाखाका कर्मचारी तथा सञ्चारकर्मी गरी १६५ जनाको सहभागिता रहेको उक्त कार्यक्रमले स्थानीय तहको क्षमता अभिवृद्धि गर्दै महिला अधिकारको संरक्षण र प्रवर्द्धनमा थप सहयोग पुग्ने अपेक्षा गरिएको छ।

# छैटौं अन्नपूर्ण म्याराथनको उपाधि जुम्लाका दलबहादुर कुँवर र महिला तर्फ मञ्जु रावतलाई

**पोखरापत्र संवाददाता**
पोखरा, २१ जेठ

साहसिक खेलकुद र हिमाली क्षेत्रको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यसहित कास्कीको घान्द्रुकमा आयोजित छैटौं संस्करणको अन्नपूर्ण म्याराथन-२०८३ मा जुम्लाका धावक दलबहादुर कुँवर र धाविका मञ्जु रावत च्याम्पियन बन्न सफल हुनु भएको छ।

पुरुषतर्फ जुम्लाका दलबहादुर कुँवरले उत्कृष्ट प्रदर्शन गर्दै उपाधि जित्नुभयो । पाँचौं संस्करणमा तेस्रो स्थान हासिल गर्नु भएको यसपाली निर्धारित दूरी ४ घण्टा ४ मिनेट ११ सेकेण्डमा पूरा गर्दै नगद १ लाख ५० हजार रुपैयाँसहित ट्रफी, पदक र प्रमाणपत्र प्राप्त गर्नुभयो । ४ घण्टा १० मिनेट ८ सेकेण्डमा निर्धारित दुरी पार गरेका नेपाली सेनाका तिलकबहादुर सुनुवार उपविजेता हुनु भयो । उहाँले नगद एक लाखसहित ट्रफी, मेडल र प्रमाण पत्र प्राप्त गर्नु भयो । त्यसैगरी स्थानिय धावक सचिन गुरुङ तेस्रो, सोमिन गुरुङ चौथो तथा राजन सिर्पाली पाँचौं स्थानमा आउन सफल हुनु भयो। त्यस्तै महिलातर्फ पनि जुम्लाका धाविकाहरूको वचर्श्वो रह्यो । मञ्जु रावतले ६ घण्टा १४ मिनेट १९ सेकेण्डमा दूरी पूरा गर्दै उपाधि हात पार्नुभयो। उहाँले पनि नगद १ लाख ५० हजार रुपैयाँसहित ट्रफी, पदक र प्रमाणपत्र प्राप्त गर्नुभयो । राज्यलक्ष्मी रावल




उपविजेता हुदै एक लाख प्राप्त गर्नु भयो भने कल्पना बुढा तेस्रो स्थानमा रहनुभयो । महिलातर्फ प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने तीनै जना धाविका जुम्लाकै हुनुहुन्छ। प्रतियोगिताका विजेता खेलाडीहरूलाई अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष विष्णुबहादुर केसी ले पुरस्कार वितरण गर्नुभएको थियो । सन् १९५० जुन ३ मा फ्रान्सेली पर्वतारोही मौरिस हर्जोग नेतृत्वको टोलीले अन्नपूर्ण प्रथम हिमालको सफल आरोहण गरी विश्वकै पहिलो ८ हजार मिटरभन्दा अग्लो हिमाल चढेको ऐतिहासिक दिनको ७६औँ वर्षगाँठको अवसरमा अन्नपूर्ण सेञ्चुरी पर्यटन समितिले प्रतियोगिता आयोजना गरेको हो । नेपालकै चर्चित अन्नपूर्ण आधार शिविरदेखि घान्द्रुकसम्म सञ्चालन भएको ४२.१९५ किलोमिटर दूरीको म्याराथनमा ८ विदेशीसहित ५१ जना धावकको सहभागिता रहेको अन्नपूर्ण सेञ्चुरी पर्यटन समितिका अध्यक्ष तथा म्याराथन संयोजक ललित गुरुङले जानकारी दिनुभयो । स्थानीय धावकदेखि विभागीय टोलीका खेलाडीसम्मको सहभागिताले प्रतियोगितालाई थप प्रतिस्पर्धात्मक बनाएको उहाँले बताउनुभयो । समुद्री सतहबाट ४ हजार १ सय ३० मिटर उचाइमा रहेको अन्नपूर्ण आधार शिविरबाट सुरु भएको म्याराथनमाछापुच्छेआधार शिविर, देउराली, दोभान, बम्बो, सिनुवा, छोम्रोङ, घुर्जुङ, चुइले, मेलाँचे, किम्रोङखोला हुँदै घान्द्रुकस्थित मेश्रोम वराह माध्यमिक विद्यालयको खेल मैदानमा पुगेर सम्पन्न भएको प्रसार संयोजक टंकराज अधिकारीले बताउनु भयो । हिमाली भूगोल, कठिन पदमार्ग र अनुपम प्राकृतिक सौन्दर्यका कारण अन्नपूर्ण म्याराथन नेपालकै चुनौतीपूर्ण तथा आकर्षक साहसिक दौड प्रतियोगितामध्ये एक मानिन्छ ।

प्रतियोगिताले साहसिक पर्यटनसँगै अन्नपूर्ण क्षेत्रको अन्तर्राष्ट्रिय प्रचार-प्रसारमा महत्वपूर्ण योगदान पुऱ्याएको आयोजकको विश्वास छ।

समापन समारोहलाई सम्बोधन गर्दै संयोजक ललित गुरुङले अन्नपूर्ण म्याराथनलाई भविष्यमा अन्तर्राष्ट्रिय स्तरको प्रतिष्ठित खेलकुद प्रतियोगिताका रूपमा विकास गर्ने लक्ष्य रहेको बताउनुभयो। प्रतियोगिताको प्राविधिक व्यवस्थापन हिमालयन एक्स्ट्रीले गरेको थियो । प्रतियोगिता सञ्चालनका लागि करिब ३८ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको छ । 'सबै मौसमका लागि पर्यटन' भन्ने नारासहित आयोजित अन्नपूर्ण म्याराथनले साहसिक खेलकुद र हिमाली पर्यटन प्रवर्द्धनमा थप टेवा पुऱ्याउने अपेक्षा गरिएको छ।

नेपालको पर्यटन क्षेत्रको विकास र पर्वतारोहणको शुभारम्भ भई हिमाललाई विश्वभर चिनाउने दिनको सम्झनाका रूपमा आज विविध कार्यक्रम गरी दिवस मनाइएको अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष बिष्णुबहादुर केसीले बताउनु भयो । अन्नपूर्ण गाउँपालिकामा शहिद पार्क निर्माण गर्ने बताउदै उहाँले घान्द्रुक क्षेत्र सहित अन्नपूर्ण गाउँपालिकामा पर्यटकहरुको बसाई अवधि लम्बाउने योजना बनाउन लागेको जनाउनु भयो।

# शुक्रबारदेखि ...

प्रतियोगिताको विजेता विद्यालय मात्र प्रदेशस्तरीय प्रतियोगितामा सहभागी हुने व्यवस्था गरिएको छ।

प्रतियोगितामा कास्कीबाट डायमण्ड सेकेन्डरी स्कुल, नवलपुरबाट भिमसेन आदर्श माध्यमिक विद्यालय, स्याङ्जाबाट भगवती माध्यमिक विद्यालय तथा पर्वतबाट मङ्गलोदय माध्यमिक विद्यालय प्रतियोगितामा सहभागी हुँदैछन् । यस वर्ष प्रतियोगितामा थप विशेष अवसरस्वरुप सहभागी विद्यालय टोलीसँगै सम्बन्धित जिल्लाबाट छनोट गरिएका अतिरिक्त चार उत्कृष्ट खेलाडीलाई पनि टोलीमा समावेश गरिने छ । यस व्यवस्थाले विद्यालय टोलीमा नपरेका तर उत्कृष्ट प्रदर्शन गरेका खेलाडीलाई समेत प्रदेशस्तरीय प्रतियोगितामा आफ्नो प्रतिभा प्रदर्शन गर्ने अवसर दिने विश्वास गरिएको अध्यक्ष सिग्देलले बताउनुभयो । प्रतियोगिताका लिग चरणका खेल जेठ २२, २३ र २४ गते सञ्चालन हुनेछन् भने उपाधिका लागि जेठ २५ गते प्रतिस्पर्धा हुनेछ। पहिलो खेल शुक्रबार बिहान ९:०० बजे र दोस्रो खेल दिउँसो १:०० बजे सुरु हुने आयोजकले जनाएको छ।

प्रतियोगिताका विजेता टोलीले आगामी असार पहिलो सातादेखि काठमाडौँमा आयोजना हुने राष्ट्रिय विद्यालय क्रिकेट च्याम्पियनसिपमा गण्डकी प्रदेशको प्रतिनिधित्व गर्नेछन् । साथै प्रतियोगिताबाट छनोट हुने उत्कृष्ट चार खेलाडीले पनि विजेता विद्यालयको टोलीबाट राष्ट्रिय प्रतियोगिता खेल्ने अवसर प्राप्त गर्नेछन्। प्रतियोगितामा कक्षा १० सम्म अध्ययनरत विद्यार्थी सहभागी हुन पाउनेछन्। यस वर्ष एसइई परीक्षा उत्तीर्ण गरिसकेका तर जिल्ला स्तरीय प्रतियोगितामा सहभागी भएका खेलाडीलाई समेत खेल्न अनुमति दिइएको आयोजकले जनाएको छ । नेपालमा पछिल्लो समय क्रिकेटप्रति युवापुस्ताको आकर्षण तीव्र रूपमा बढिरहेका बेला विद्यालयस्तरबाटै व्यवस्थित प्रतिस्पर्धा सञ्चालन हुनुले भविष्यका राष्ट्रिय खेलाडी उत्पादनमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको जनाइएको छ।




# पोखरा २० मा क्षमता अभिबृद्धी तालिम सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २१ जेठ

पोखरा महानगरपालिका वडा नं. २० ले क्षमता अभिबृद्धी सम्वन्धि कार्यक्रम सम्पन्न गरेको छ।

वडाभित्रका टोल विकास संस्था र उपभोक्ता समितिका पदाधिकारीलाई लक्षित गरी आयोजना गरिएको कार्यक्रममा सहभागिलाई बैठक संचालन, माईन्युट लेखन, प्रस्तावना पत्रको तयारी र व्यवस्थित लेखा प्रणालीका विषयमा प्रशिक्षण दिईएको वडाले जनाएको छ। २२ वटा संस्थाका अध्यक्ष, सचिव र कोषाध्यक्षसहित ५० जना सहभागि रहेको प्रशिक्षणमा इन्जिनियर विनोद शर्मा,वडा सचिव रामप्रसाद तिवारी र लेखापाल धर्मराज बुढाले सहजिकरण गरेका थिए। यसअघि कार्यक्रमको उद्धाटन गर्दै वडाध्यक्ष गंगाबहादुर खत्रीले वडाभित्रका बिभिन्न समितिमा आवद्ध व्यक्तिको क्षमता विकास गर्न तालिम फलदायी हुने बताए । उनले माईन्युट लेखन तथा समितिको कार्यप्रणालीलाई व्यवस्थित र आर्कषक बनाउन वडाले विगतबाटै यस्ता कार्यक्रम गर्दै आएको जानकारी गराए। वडाका प्रमुख प्रशासकिय अधिकृत कृष्णप्रसाद गौतमले यस्ता तालिमले वडाबाट हुने कार्य सम्पादनमा पनि सहजता ल्याउने बताए ।प्रशिक्षक इन्जिनियर विनोद शर्माले टोल विकास संस्था र उपभोक्ता समितिबाट सम्पादन हुने कामलाई सहज बनाउन बेला बेलामा सदस्यको क्षमता विकास हुनुपर्नेमा जोड दिए । कार्यक्रमको संचालन सचिव रामप्रसाद तिवारीले गरेका थिए। वडा कार्यालयले बार्षिक योजनामा नै समावेश गरि निरन्तर रुपमा यस्ता कार्यक्रमहरु संचालन गर्दै आइरहेको जनाएको छ।

# एआईमार्फत पाँच दिने ब्रान्डिङ तथा मार्केटिङ तालिम सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, २१ जेठ

पोखरा महानगरपालिका अन्तर्गतको व्यवसाय प्रवर्द्धन केन्द्रद्वारा व्यवसायी, उद्योगी तथा स्टार्टअप सञ्चालकहरूका लागि पाँच दिने "एआई प्रविधिद्वारा ब्रान्डिङ तथा मार्केटिङ" तालिम सुरु भएको छ।

डिजिटल बजार प्रवर्द्धन, ब्रान्ड विकास तथा कृत्रिम बुद्धिमत्ताको प्रभावकारी प्रयोगमार्फत व्यवसाय विस्तार गर्ने उद्देश्यले तालिम आयोजना गरिएको हो । तालिम उद्धघाटन कार्यक्रममा पोखरा महानगरपालिकाको कृषि प्रवर्द्धन महाशाखाका प्रमुख मनोहर कडरियाले निजी क्षेत्रको सशक्तीकरण तथा परम्परागत व्यवसायिक अभ्यासभन्दा नवप्रवर्तनमा जोड दिनुपर्ने आवश्यकता औंल्याए। उनले एआई प्रविधिको प्रयोगमार्फत मार्केटिङ, डिजिटल प्रवर्द्धन तथा गुणस्तरीय उत्पादन र सेवाको विस्तार सम्भव भएको उल्लेख गर्दै प्रविधिकै कारण स्थानीय उत्पादनहरू अन्तर्राष्ट्रिय बजारसम्म पुग्न सफल भएको बताए । कडरियाले आफ्ना उत्पादन तथा सेवाको प्रभावकारी बजारीकरण र ब्रान्डिङ गर्न सिक्न व्यवसायीहरूलाई आग्रह गर्दै स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउन पर्यटन, कृषि, उद्योग र सूचना प्रविधिलाई एकसाथ अघि बढाउनुपर्ने धारणा राखे। उनले तालिमले समय र लागत बचतका साथै व्यवसायलाई चरणबद्ध रूपमा आधुनिक बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गरे । पोखरा महानगरपालिकाका ब्यवसाय प्रवर्द्धन कार्यकारी प्रमुख नवराज अधिकारीले तालिमबाट प्राप्त ज्ञान र सीपलाई व्यवहारमा उतार्दै प्रविधिमैत्री व्यवसाय विकास गर्न सहभागीहरूलाई सुझाव दिए। उनले समयानुकूल व्यवसाय सञ्चालनका लागि डिजिटल माध्यमको प्रयोग अपरिहार्य बन्दै गएको बताए । मुख्य प्रशिक्षक पुष्कर शर्माले तालिमको प्रारम्भिक चरणमा मार्केटिङ र ब्रान्डिङका आधारभूत अवधारणासँगै एआईको प्रयोग सिकाइने जानकारी दिए। उनका अनुसार ग्राहकको मनोविज्ञान, उत्पादन तथा सेवाको प्रभावकारी प्रस्तुति, विज्ञापन निर्माण, लेबल डिजाइन तथा डिजिटल प्रवर्द्धनका विभिन्न पक्षमा व्यावहारिक प्रशिक्षण प्रदान गरिने बताए। तालिममा एआईको परिचय, सामाजिक सञ्जाल मार्केटिङ, कन्टेन्ट निर्माण, डिजिटल ब्रान्डिङ रणनीति, ग्राफिक डिजाइन, भिडियो मार्केटिङ तथा ग्राहक संलग्नता लगायतका विषय समेटिएका छन् । पाँच दिनसम्म सञ्चालन हुने तालिममा ६० जना विभिन्न क्षेत्रका व्यवसायी सहभागि रहेका छन् । पोखरा महानगरपालिका क्षेत्रभित्रका व्यवसायी, उद्योगी तथा स्टार्टअप सञ्चालकहरूलाई लक्षित गरी सञ्चालन गरिएको यस तालिमले स्थानीय व्यवसायको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ । व्यवसाय प्रवर्द्धन केन्द्रले पछिल्ला वर्षहरूमा उद्यमशीलता, डिजिटल मार्केटिङ तथा सीपमूलक तालिमहरू सञ्चालन गर्दै स्थानीय उद्यम तथा व्यवसायको विकासमा निरन्तर सहयोग गर्दै आएको छ।

# पुरुषोत्तम मासको अवसरमा नारायणस्थानमा चारदिने श्रीरामार्चन यज्ञ हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २१ जेठ

पावन पुरुषोत्तम मासको शुभ अवसर पारेर पोखरा महानगरपालिका-३, नदीपुरस्थित श्री लक्ष्मीनारायण मन्दिर, नारायणस्थानमा चारदिने श्रीरामार्चन यज्ञ आयोजना गरिने भएको छ।

महायोगी सिद्धबाबा आध्यात्मिक प्रतिष्ठान, शाखा पोखराको आयोजनामा यही जेठ २२ गतेदेखि २५ गतेसम्म सञ्चालन हुने उक्त यज्ञमा भक्तजनहरूको उल्लेखनीय सहभागिता रहने अपेक्षा गरिएको आयोजकले जनाएको छ।

पुरुषोत्तम मासलाई हिन्दु धर्मशास्त्रमा अत्यन्त पुण्यदायी र फलदायी महिना मानिने भएकाले यस अवधिमा भगवान् श्रीराम तथा भगवान् पुरुषोत्तमको आराधना, जप, ध्यान, कथा-श्रवण र विशेष अनुष्ठानहरूको आयोजना गरिएको प्रतिष्ठानले जनाएको छ। यज्ञ अवधिभर पूज्य सद्गुरुदेवको प्रत्यक्ष सान्निध्यमा वैदिक विधिअनुसार श्रीराम नाम सङ्कीर्तन, विशेष पूजा-अर्चना, हवन, धार्मिक प्रवचन तथा सत्सङ्ग कार्यक्रम सञ्चालन हुनेछन्। यसबाट सहभागी भक्तजनले आध्यात्मिक शान्ति, सदाचार र धार्मिक चेतनाको अभिवृद्धि गर्ने विश्वास आयोजकको छ।

हिन्दू धर्ममा रामार्चन यज्ञ (वा श्री रामार्चा यज्ञ) भगवान श्रीरामको पूजा, आराधना र मन्त्र जप गरेर लोककल्याण र शान्तिका लागि गरिने एक विशिष्ट अनुष्ठान हो।

यो यज्ञ स्वयम् आदियोगी भगवान शिवले माता पार्वतीलाई बताउनुभएको विश्वास गरिन्छ । यस यज्ञको मुख्य महिमा पापमोचन र मनोकामना पूरा हुन्छ यसको विधिपूर्वक अनुष्ठान गर्नाले सम्पूर्ण पाप र कष्टहरू नाश भई सुख, समृद्धि र मोक्ष प्राप्त हुन्छ ।चौसठ देवताको पूजा गरी यस यज्ञमा श्रीरामको परिवारसहित ६४ (चौसठ) देवी-देवताको आह्वान र पूजा गरिन्छ, जसले गर्दा समस्त ब्रह्माण्डको आशीर्वाद प्राप्त हुने मान्यता छ। लोककल्याणका लागि यो यज्ञ मुख्यतया विश्व शान्ति, रोगव्याधी निवारण र प्राणीहरूको कल्याणको लागि गरिन्छ।

अश्वमेघ यज्ञ सरह फल हुने शास्त्रहरूमा बताइएअनुसार यस यज्ञको महिमा यति अपार छ कि एउटै रामार्चन यज्ञ गर्दा हजारौं अश्वमेघ यज्ञ गरे बराबरको फल प्राप्त हुन्छ । यदि रामार्चन यज्ञको पूजा विधि, आयोजना गर्ने समय वा महिना वा यसका लागि आवश्यक तयारी बारे जान्न चाहनुहुन्छ भने हिमालयन सिद्ध महायोग धनसाधन केन्द्र नारायणस्थान पोखरामा सम्पर्क गर्नुहुन आह्वान गरिएको छ।

आयोजकका अनुसार पुरुषोत्तम मासमा गरिने धार्मिक साधना र अनुष्ठानले विशेष पुण्यफल प्रदान गर्ने शास्त्रीय मान्यता रहेको छ । त्यसैले उक्त अवसरमा पोखरा तथा आसपासका क्षेत्रका सम्पूर्ण श्रद्धालु भक्तजनलाई सपरिवार उपस्थित भई यज्ञमा सहभागी हुन आग्रह गरिएको छ। नारायणस्थान धार्मिक क्षेत्र विकास समितिको सहकार्यमा सञ्चालन हुने श्रीरामार्चन यज्ञले धार्मिक पर्यटन प्रवर्द्धन, सनातन संस्कृतिको संरक्षण तथा समाजमा आध्यात्मिक जागरण फैलाउन महत्वपूर्ण योगदान पुग्ने विश्वास गरिएको छ । आयोजकले भक्तजनलाई समयमै उपस्थित भई यज्ञ, सत्सङ्ग, महिमा तथा प्रसाद ग्रहण गरी पुण्यलाभ गर्न अनुरोध गरेको छ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आम्दानी भन्दा खर्च बढी गरे कुवेर पनि गरीब हुन्छ ।
–चाणक्य

**सम्पादकीय**

# राजतन्त्रको निहुँमा राप्रपा विभाजन !

महामन्त्री डा.धवलराष्ट्रिय शमशेर राणा सहित १८३ जनाले बिहीबार राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) त्यागेको घोषणा गरे । २०४६ साल राका नीतिक परिवर्तनपछि गठन भएको राप्रपा अहिलेसम्म पटक-पटक विभाजित भइसकेको छ । राजतन्त्र स्थापनालाई प्रमुख एजेण्डा बनाएको यो पार्टीमा टुटफुट र जुट नौलो विषय होइन ।पूर्वपञ्चहरूको यो पार्टी विभाजन हुँदा देखाउने कारण त्यही राजतन्त्र बन्दै आएको छ । को बढी राजावादी देखिने भन्ने होडबाजीलाई प्रमुख कारण देखाएर पार्टी विभाजित गर्ने गरेको देखिन्छ ।

पार्टी फुटाउनुको कारण खुलाउँदै महामन्त्री राणाले , 'हिन्दुराष्ट्र र राजा भजाएर भोट मात्रै मागे, अब राप्रपाबाट पार लाग्दैन ।' प्रतिनिधिसभा सदस्य तथा दुई पटक नेपालगन्ज उपमहानगरको मेयर रहिसकेका राणाले विज्ञप्तिमा मूल नेतृत्व नै राजतन्त्रको पक्षमा नदेखिएको उल्लेख गरेका छन् । 'राजसंस्था पुनर्स्थापनाका आन्दोलनहरू पटक-पटक तुहाउन मूल अगुवा नै अग्रसर भए, भनेर आरोप लगाएका छन ।

संसद्मा संवैधानिक राजसंस्थाको पक्षमा एउटा पनि प्रस्ताव दर्ता नगरेको भन्दै उनले असन्तुष्टि जनाएका छन् । रा 'जुन मान्यता र उद्धेश्य लिएर राप्रपाको स्थापना भएको थियो, ती सबै नामेट पार्ने मनोवृत्ति यही कार्यकालमा देखियो । यिनै दुःखद परिदृश्यबीच जीवन समर्पण गरेको पार्टीबाट अलग हुने परिस्थिति बन्यो ।' राणाले लेखेका छन । जबकी राप्रपाको राजनीतिक दस्तावेजमा संवैधानिक राजसंस्था रहने मान्यतालाई राप्रपाले आत्मसात गर्ने भनेको छ । दस्तावेजमा भनिएको छ, 'अबको राजसंस्था परिवर्तनका पक्षधर हरूलाई समेत चित्त बुझ्ने सहमति र सम्झौताको संस्था हुनेछ ।'

राणा पक्षले राजसंस्था पुनर्स्थापना आन्दोलन तुहाउन अग्रसर भएको आरोप राजेन्द्र लिङ्देनलाई लगाएका छन। केही वर्ष अघिसम्म लिङ्देन र राणाको 'केमिस्ट्री' एकदमै मिलेको थियो । त्यसैको परिणाम थियो, २०७८ सालमा निवर्तमान अध्यक्ष कमल थापाको पराजय । त्यतिबेला राणाको साथ पाएका लिङ्देनले थापालाई दुई सय मतले हराएका थिए । रोचक के छ भने त्यतिबेला आफू अध्यक्षमा पराजित हुनुमा दरबारको हात रहेको थापाको बुझाई थियो । पार्टीको आन्तरिक राजनीतिमा ज्ञानेन्द्र शाहले हस्तक्षेप गरेको थापाको आरोप थियो ।

राप्रपा महाधिवेशन परिणामपछि थापाले नवनिर्वाचित अध्यक्ष लिङ्देनलाई होइन पूर्व राजा ज्ञानेन्द्रलाई बधाइ दिए । उनले भनेका थिए, 'प्रतिकूल परिस्थितिमा समेत हामीमाथि विश्वास र भरोसा गर्ने पार्टीका सम्पूर्ण साथीहरूमा आभारी छु । पार्टीको आन्तरिक प्रतिस्पर्धामा निर्मल निवासको नांगो हस्तक्षेपको भत्सर्ना गर्दछु । बधाई जीबीबी शाह धन्यवाद ।' २०७८ मंसिरमा चुनाव हारेका थापाले त्यही वर्षको माघ २५ मा राप्रपा छाडे । उनले पार्टी छाड्नु अघि नै राजसंस्था पुनर्स्थापना एजेण्डा नबोक्ने घोषणा गरिसकेका थिए । उनी अहिले राप्रपामा फर्किसकेका छन् ।

जेठ १६ गते पूर्वअध्यक्षहरू कमल थापा, पशुपति शमशेर राणा र डा. प्रकाशचन्द्र लोहनीले संयुक्त विज्ञप्ति निकालेर धवलशमशेर लगायतलाई राजसंस्था स्थापनाकै नाममा पार्टी नछाड्न आग्रह गरे । 'पार्टी एकतालाई सुदृढ गर्दै सशक्त कार्ययोजनाका साथ अघि बढ्न सक्यौं भने छोटो अवधिमै अप्रत्याशित सफलता हासिल गर्न सक्छौं । हिन्दुराष्ट्र र राजसंस्थाको पुनर्स्थापना गर्नसक्छौं ।'

राजसंस्था पुनर्स्थापनाकै आन्दोलन बन्यो, लिङ्देन र राणा बीचको सम्बन्धमा दरार आउनुको प्रमुख कारण ।उृ घटना २०८१ चैत १५ गतेको हो । नवराज सुवेदी नेतृत्वको 'राजसंस्था पुनर्स्थापनाका लागि संयुक्त जनआन्दोलन समिति लगायत विरोध प्रदर्शनको आयोजक थिए । आफैं आयोजक नभए पनि राप्रपाले विज्ञप्ति निकालेर आन्दोलनको समर्थन जनायो । चैत १४ गते जारी राप्रपाको विज्ञप्तिमा भनिएको छ, 'भोलि चैत १५ गते काठमाडौंको तिनकुनेमा हुने प्रदर्शन र आन्दोलनमा सक्रिय सहभागी हुन र आन्दोलनलाई उचाइ प्रदान गर्न पार्टी पंक्ति र आम जनसमुदायलाई राप्रपा हार्दिक आव्हान गर्दछ ।'राप्रपाको यो रोइलो संवैधानिक राजतन्त्र पक्षधर मान्दा मान्दै आएका दल विभाजित हुनु सैद्धान्तिक भन्ने जुँगाको लडाइँ हो ।

# कालीगण्डकी 'करिडोर' अधुरो

**पोखरापत्र संवाददाता**
बागलुङ, २१ जेठ

राष्ट्रिय गौरवको आयोजना कालीगण्डकी करिडोरअन्तर्गत मालढुङ्गा-बलेवा खण्ड समयमै कालोपत्र नहुँदा यात्रीलाई समस्या भएको छ ।

करिडोरको बागलुङ खण्डमा पर्ने ३४ किलोमिटरमध्ये २४ किलोमिटर कालोपत्र भए पनि बाँकी १० किलोमिटर अझै कालोपत्र भएको छैन । निर्माण कम्पनीको ढिलासुस्तीका कारण सडक स्तरोन्नति नहुँदा दक्षिण बागलुङसहित मुक्तिनाथ जाने पर्यटक प्रभावित भएका छन् ।

उक्त सडक दुई वर्षभित्र कालोपत्र गर्न पाँच वर्षअघि निर्माण कम्पनीसँग सम्झौता भएको थियो । गत जेठमा पुनः समयावधि थपिए पनि काम नभकामा सर्वसाधारण रुष्ट छन् । चालु आर्थिक वर्षभित्र काम पूरा नगरे कारबाही हुने कालीगण्डकी करिडोर आयोजना कार्यालयका इन्जिनियर होमनाथ पौडेलले चेतावनी दिनुभयो । उक्त खण्ड कालोपत्र गर्न रु ४८ करोड १२ लाख ५६ हजार ५२३ मा सम्झौता भएको हो । निर्माण व्यवसायी दिनबन्धु काफ्लेले बजेट नहुँदा कामले गति नलिएको स्वीकार गर्नुभयो । पर्याप्त कामदार र उपकरण परिचालन गरेर निर्धारित समयमा निर्माण सम्पन्न गर्ने प्रतिबद्धता उहाँले व्यक्त गर्नुभयो ।

# सगरमाथामा पाँच दिनदेखि बेपत्ता शेर्पाको उद्धार

**रासस**
काठमाडौं, २१ जेठ

सगरमाथा आरोहणका क्रममा पाँच दिनदेखि बेपत्ता भएका दावा शेर्पाको जीवितै उद्धार गरिएको छ । यही जेठ १६ गतेदेखि बेपत्ता भएका आरोहण दलका सहयोगी शेर्पालाई पाँच दिनपछि बिहीबारजीवितै उद्धार गरेर काठमाडौं ल्याइएको हो ।

पर्यटन विभागका सूचना अधिकारी हिमाल गौतमले जेठ १६ गतेदेखि बेपत्ता शेर्पाको सगरमाथा प्रदूषण नियन्त्रण समितिका कर्मचारीले सगरमाथा आधार शिविर नजिकैको 'क्र्याम्पोन पोइन्ट'मा फेला पारेका जानकारी दिनुभयो । बेपत्ता शेर्पालाई समितिका कर्मचारीले 'क्र्याम्पोन पोइन्ट'बाट बोकेर गोरकशेपसम्म ल्याएका थिए ।

गोरकशेपबाट भने अल्टिच्युड एयरको हेलिकप्टरबाट काठमाडौंको ह्याम्स अस्पतालमा ल्याएर उपचार भइरहेको सूचना अधिकारी गौतमले बताउनुभयो । विभागले खोजी कार्यमा सहयोग गर्ने सम्बन्धित एजेन्सी, सरोकार भएका निकाय र उद्धारमा संलग्न सबैलाई धन्यवाद दिँदै शेर्पाको शीघ्र स्वास्थ्य लाभको कामना गरेको छ ।

अ ो ख ल ढ ु ङ ् ग ा क ा शेर्पा 'एट के इन्टरनेशनल एभरेष्ट एक्सपिडिसन स्प्रिङ टिम ए' का तर्फबाट सहयोगी कामदारका रूपमा आरोहणमा संलग्न रहँदै आएका थिए ।

# म्याग्दीमा रक्तदान कार्यक्रम

**पोखरापत्र संवाददाता**
म्याग्दी, २१ जेठ

म्याग्दीमा २०औं जातीय भेद्भाव तथा छुवाछूत उन्मूलन राष्ट्रिय दिवस रक्तदान कार्यक्रम गरी मनाइएको छ । जिल्लास्थित संयुक्त राजनीतिक दलित सङ्घर्ष समितिको आयोजनामा बेनीको वीरेन्द्रचोकमा आयोजित कार्यक्रममा २० जनाले रक्तदान गरेका छन् ।

नेपाल रेडक्रस सोसाइटी रक्त सञ्चार केन्द्र बेनीले प्राविधिक सहयोग गरेको थियो भने बेनी नगरपालिका-७ को कार्यालयले आर्थिक सहयोग गरेको थियो । समितिका संयोजक पदम किसानले जातीय विभेद र छुवाछूतविरुद्ध सामाजिक चेतना अभिवृद्धि गर्न रक्तदान कार्यक्रम आयोजना गरिएको बताउनुभयो । "मानवताको सबैभन्दा ठूलो उदाहरण रक्तदान हो । जसले जात, धर्म, वर्ग वा समुदाय छुट्याउँदैन । यो जीवनदानको आधार पनि हो", संयोजक किसानले भन्नुभयो । रगत सबैको सबैलाई चल्छ भन्ने सन्देश दिन कार्यक्रमको आयोजना गरिएको उहाँले उल्लेख गर्नुभयो । दलित अधिकारकर्मी लालु किसानले दलित समुदायमाथि हुने विभेद अन्त्यका लागि कानुनी व्यवस्था मात्र पर्याप्त नभई सामाजिक व्यवहारमा परिवर्तन आवश्यक रहेको धारणा राख्नुभयो । रक्तदान कार्यक्रमले सामाजिक सद्भाव र मानव एकताको सन्देश प्रवाह गरेको उहाँको भनाइ छ । विसं २०६३ जेठ २१ गते तत्कालीन संसद्ले नेपाललाई 'जातीय छुवाछूतमुक्त राष्ट्र' घोषणा गरेको थियो । सोही ऐतिहासिक घोषणाको स्मरणमा प्रत्येक वर्ष जेठ २१ गते जातीय भेद् भाव तथा छुवाछूत उन्मूलन राष्ट्रिय दिवस मनाउन थालिएको हो । संविधानले सबै नागरिकलाई समान अधिकारको व्यवस्था गरेको तथा जातीय भेद्भाव र छुवाछूतलाई कानुनले निषेध गरे पनि समाजका विभिन्न क्षेत्रमा अझै विभेदका घटना हुने गरेका छन् । यस्ता कुरीति अन्त्य गर्दै समानता, सामाजिक न्याय र मानवअधिकारको सुनिश्चितता गर्ने उद्देश्यले यो दिवस देशभर विभिन्न सचेतनामूलक कार्यक्रम गरी मनाइँदै आइएको छ ।

# भिरबाट लडेर किशोरको मृत्यु

**पोखरापत्र संवाददाता**
तनहुँ, २१ जेठ

तनहुँको शुक्लागण्डकी नगरपालिका-५ झरौटास्थित सिसौघारी क्षेत्रमा भिरबाट लडेर एक जना किशोरको मृत्यु भएको छ ।

मृत्यु हुनेमा शुक्लागण्डकी नगरपालिका-७ भोटेपानी निवासी १७ वर्षीय अस्मित राना रहेका जिल्ला प्रहरी कार्यालयले जनाएको छ । बुधबार राति साथीहरूसँग बसेका बेला पिसाब फेर्न जाने क्रममा राना झरौटा खोला नजिक रहेको करिब ९० मिटर अग्लो भीरबाट लडेका थिए । गम्भीर घाइते भएका रानालाई तत्काल उद्धार गरी गएराति बेलचौतारास्थि जिपी कोइराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्र लगिएकामा चिकित्सकले मृत घोषणा गरेका प्रहरी निरीक्षक दीपककुमार कार्कीले बताउनुभयो ।

# पृथ्वीनारायण क्याम्पसमा शोधपत्र प्रस्ताव लेखन कार्यशाला

**पोखरापत्र संवाददाता**
पोखरा, २१ जेठ



पृथ्वीनारायण क्याम्पस, इतिहास तथा संस्कृति विभागले शोध-पत्र (थेसिस) प्रस्ताव लेखन सम्बन्धी कार्यशाला गोष्ठी आयोजना गरेको छ ।

शुक्रबारसम्म चल्ने दुई दिने कार्यशालामा क्याम्पसमा इतिहास विषय अध्ययनरत स्नातकोत्तर तहका विद्यार्थी सहभागी रहेका छन् । कार्यशाला गोष्ठीको उद्घाटन गर्दै क्याम्पस प्रमुख प्रा.डा. हरिप्रसाद पाठकले शोधप्रस्ताव लेखनको तयारीमा रहेका विद्यार्थीलाई लक्षित गरी आयोजित यस प्रकारको गोष्ठीले विद्यार्थीलाई लेखनमा सहजता मिल्ने बताए । क्याम्पस प्रमुख पाठकले विषयगत विज्ञ प्राध्यापकहरूको अनुभव र ज्ञानलाई विद्यार्थीले ग्रहण गरी शोधपत्र लेखनका क्रममा कार्यान्वयन गर्न सुझाव दिए ।

अतिथि सहप्रा.डा. भीमनाथ बरालले इतिहास विषयका विद्यार्थीलाई लक्षित गरी आयोजना गरेको शोधपत्र प्रस्ताव लेखन प्रशिक्षणले राम्रो शोधपत्र तयारीका लागि सहयोग पुग्ने बताए । विभागीय प्रमुख सहप्राध्यापक नारायण ढकालले त्रिभुवन विश्वविद्यालय, इतिहास तथा संस्कृति विभागले यहाँ अध्ययन गर्न चाहाने विद्यार्थीलाई प्रमुख प्राथमिकता दिएको बताउँदै विद्यार्थीलाई सहज पठनपाठनका लागि भौतिक तथा अनलाइन कक्षा कतैपनि कमजोरी हुन नदिएको बताए । उनले भने - 'इतिहास विषयको समयानुकुल पाठ्यक्रम परिमार्जन भइरहेको छ । पृथ्वीनारायण क्याम्पसमा पछिल्लो तीन वर्षलाई हेर्ने हो भने पनि विद्यार्थीको रुचि बढेको देख्दा हामी हर्षित छौं ।' शोध-पत्र प्रस्ताव लेखनका प्रमुख प्रशिक्षक प्राध्यापक अर्जुनबहादुर भण्डारीले ऐतिहासिक समयको अनुशीलनले वर्तमान अवस्थामा त्यसले पारेको प्रभावबारे शिक्षा प्राप्त गरी भविष्यमा अपनाउनु पर्ने सतर्कताबारे सचेत गराउने विषय इतिहास रहेको बताए ।

सहप्राध्यापक डा. दीर्घमान गुरूङले अहिले र पहिलेको विश्वलाई तुलनात्मक दृष्टिकोणले बुझ्ने र विगतका अनुभवबाट शिक्षा लिँदै आजको दिशा निर्धारण गरी भविष्यको गन्तव्य तय गर्ने विधा नै इतिहास रहेको उल्लेख गरे ।

उपप्राध्यापक तथा प्रशिक्षक चन्द्रकान्त पौडेलले जुन मुलुकले इतिहासको अध्ययनलाई महत्व दिएर आफ्नो सभ्यता र संस्कृतिलाई इतिहासबाट पाठ सिक्दै जगेर्ना गर्ने प्रयत्न गरेको हुन्छ, त्यो देशले विकासमा फड्को मारेको बताए । गोष्ठीमा प्रमुख प्रशिक्षक प्राध्यापक अर्जुन बहादुर भण्डारी, सहप्राध्यापक डा. दीर्घमान गुरूङ, उपप्राध्यापक चन्द्रकान्त पौडेल, उपप्राध्यापक लक्ष्मण श्रेष्ठ, तोयनारायण देवकोटाले शोधप्रस्ताव लेखन विधिबारे प्रशिक्षण दिएका छन् ।

विभागीय प्रमुख नारायण ढकालको अध्यक्षतामा भएको गोष्ठी शुभारम्भ कार्यक्रममा तोयनारायण देवकोटाले स्वागत र उपप्राध्यापक चन्द्रकान्त पौडेलले सञ्चालन गरेका थिए ।

# समयअगावै योजना निर्माण

**पोखरापत्र संवाददाता**
म्याग्दी, २१ जेठ

पूर्वाधार विकास कार्यालयमार्फत चालु आर्थिक वर्ष २०८२/०८३ मा यहाँ सञ्चालित सात वटा योजना समयअगावै निर्माण भएका छन् ।

इन्धन र निर्माण सामग्रीको मूल्य वृद्धिका बाबजुत तीन वटा बहुवर्षीय र चार वटा सालबसाली योजना निर्धारित समयअगावै सम्पन्न भएका हुन् । असहज अवस्थामा पनि सरकारसँग गरेको सम्झौताअनुसार जिम्मेवारी पूरा गरे पनि भुक्तानी भने समयमै पाउन नसकिएको व्यवसायीले गुनासो गरेका छन् ।

विसं २०८१ जेठ २० गते मङ्गलादेवी सुवास कन्ट्रक्सनले रु १२ करोड ७६ लाख ३३ हजार ६४० मा ठेक्का सम्झौता गरेको बेनी-तोरीपानी हुँदै पाखापानी सडक गत फागुन महिनामै सम्पन्न भएको छ । यस योजनामार्फत भुतादेलादेखि नेप्टेचौरस्थित वडा कार्यालयसम्म एक दशमलव ९०० किलोमिटर दूरीमा 'प्रिमिक्स' प्रविधिको कालोपत्र र नेप्टेचौरदेखि तोरीपानीस्थित गलेश्वर मावि परिसरको थप दुई किलोमिटर दूरीमा सडक फराकिलो, ग्रेड, घुम्ती सुधार र अप्ठ्यारो ठाउँमा पाँच सय ५० मिटर दूरीमा ढलान र दुई दशमलव पाँच सय किलोमिटर दूरीमा ग्राभेल भएको पूर्वाधार विकास कार्यालयले जनाएको छ । विसं २०८२ असार असार १६ गते रु दुई करोड २३ लाख ४६ हजारमा बिबिपीएल बिएस डिएस धौलागिरिले ठेक्का सम्झौता गरेको गलेश्वर-पुलाश्रम-जगन्नाथ सडक योजना गत माघ महिनामै सम्पन्न भएको थियो । उक्त योजनाको म्याद विसं २०८३ असार १६ सम्म रहेको थियो । यस योजनामार्फत बेनी नगरपालिका-९ गलेश्वरदेखि काउलेगौडा हुँदै कोशेपानी खण्डमा तीन सय मिटर ढलान र एक हजार १०० मिटर लामो सडकलाई फराकिलो बनाउने, घुम्ती तथा ग्रेड सुधार, पर्खाल र नाली निर्माण गरिएको थियो । रु ३९ लाखको लागतमा आगामी असार ४ गते सम्पन्न गर्ने गरी विसं २०८२ असार ३ गते सोमरस निर्माण सेवासँग ठेक्का सम्झौता गरिएको मालिका गाउँपालिका-५ र ६ जोड्ने साँवटा झोलुङ्गे पुल योजना लक्ष्यभन्दा छ महिनाअगावै सम्पन्न भएको छ । यहाँ म्याग्दी नदीमाथि ९६ मिटर लामो झोलुङ्गे पुल गत पुस महिनामै सम्पन्न भएको हो । विसं २०८१ जेठ २० गते रामसागर बिएस धौलागिरि जेभीसँग रु १६ करोड ३५ लाख ९१ हजार ९६ मा ठेक्का सम्झौता गरिएको दरवाङ-मुना-ढोरपाटन सडक स्तरोन्नति योजना सम्पन्न हुने चरणमा पुगेको छ । आगामी भदौ १३ सम्म म्याद रहेको उक्त योजनामार्फत धौलागिरि गाउँपालिका-७ धारापानीदेखि ताकम-शिवाङ-भिनडाँडा खण्डको छ किलोमिटर दूरीमाकालोपत्रसहित स्तरोन्नति गर्न लागिएको हो । चालु आर्थिक वर्षमा रु ५०/५० लाख बजेट विनियोजन भएका चार वटा सडक स्तरोन्नति योजना पनि लक्ष्यअघि नै सम्पन्न भएका पूर्वाधार विकास कार्यालयका प्रमुख सिनियर डिभिजनल इन्जिनियर डा महेन्द्र बानियाँले जानकारी दिनुभयो । मङ्गला कन्ट्रक्सनले रु ४६ लाख २९ हजार १२४ मा माघ २ गते ठेक्का सम्झौता भएको चन्निका घुम्तीदेखि उपल्लो तुसारेपानी कुहुँ सडक स्तरोन्नति र ओमेन ओस्कार निर्माण सेवाले ठेक्का पाएको गैराखेतदेखि मालिका मन्दिर र दरवाङ-लामेला-आल्काचौर सडक स्तरोन्नति योजना लक्ष्यअघि नै सम्पन्न भएका हुन् । यसैगरी रुप्से बिल्डर्स प्रालिले ठेक्का पाएको ज्ञानप्रकाश माविदेखि कोट खलङ्गा हुँदै ठारा, घारखोला नेपाने र तिप्ल्याङ-बादुक सडक योजना पनि समयअघि नै सम्पन्न भएको कार्यालय प्रमुख बानियाँले बताउनुभयो । यी सालबसाली योजनाको ठेक्काको समय अवधि यही जेठ १५ गतेसम्म रहेको थियो । लक्ष्यअघि नै योजना सम्पन्न गरेका व्यवसायीलाई प्रोत्साहनका लागि गणतन्त्र दिवस-२०८३ को अवसरमा गत शुक्रबार बेनीमा कार्यालयको तर्फबाट सम्मानसमेत गरिएको छ । प्रदेश सरकारले बहुवर्षीय आयोजनाअन्तर्गत काम सम्पन्न भए पनि भुक्तानी नपाएकाले चाँडै भुक्तानीका लागि आग्रह गरिएको बेनी-पाखापानी सडक योजनाका निर्माण व्यवसायी सुवासचन्द्र कार्कीले बताउनुभयो । कार्यालयका अनुसार म्याग्दीमा चालु आर्थिक वर्षका सडक पूर्वाधारसम्बन्धी ३२ वटा योजनाका लागि रु ६२ करोड विनियोजन भएको थियो । क्रमागत १७ वटा योजनाका लागि रु ५२ करोड र नयाँ १५ वटा योजनाका लागि रु १० करोड बजेट प्राप्त भएको थियो ।

सङ्घीय र प्रदेश सरकारको लागत साझेदारीमा गत वर्ष ठेक्का सम्झौता र यस वर्ष रु २३ करोड २२ लाख बजेट विनियोजन भएको दरवाङ-ताकम-शिवाङ-मुना-जलजला-ढोरपाटनबाहेक धेरैजसो बहुवर्षीय सडकमा बजेट अभाव भएको कार्यालयका प्रमुख बानियाँले बताउनुभयो । उहाँका अनुसार सालबसाली योजनाहरूको ठेक्का प्रतिस्पर्धाको क्रममा घटेको करिब डेढ करोड आन्तरिक रकमान्तर र थप रु आठ करोड ४५ लाख रकमान्तरका लागि मन्त्रालयमा सिफारिस गरिएको छ । म्याग्दीका प्रदेशसभा सदस्यद्धय रेशमबहादुर जुग्जाली र हरिबहादुर भण्डारीले बजेट अभावमा सडकको निर्माण अवधि लम्बिने अवस्था देखिएको विषयमा प्रदेश सरकार र विभागीय मन्त्रीको ध्यानाकर्षण गराइएको बताउनुभएको छ । अपुग बजेट रकमान्तर गरेर काम गरेका व्यवसायीलाई भुक्तानीको व्यवस्था मिलाउन सरकारसँग पहल गरिरहेको भण्डारीले जानकारी दिनुभयो । गत पुसमा यहाँ आयोजित एक कार्यक्रममा गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले विकास आयोजनाहरूमा बजेट अभाव हुन नदिने प्रतिबद्धता जनाउनुभएको थियो ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : मानसिक तनाब |
| वृष | : शत्रुको भय | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : कार्यमा सफलता | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : झमेला बड्ने |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : शुभ यात्रा |
| कन्या | : शारीरिक झमेला | मीन | : स्वास्थ्यमा सुधार |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# वडा कार्यालय र स्वास्थ्य चौकी भवन शिलान्यास

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २१ जेठ

वारागुङ मुक्तिक्षेत्र–१ झारकोट गाउँमा वडा कार्यालय र स्वास्थ्य चौकी भवन शिलान्यास गरिएको छ । त्यहाँस्थित झारकोट गुम्बाका प्रमुख लामा घिर्मी रिङझिङ ठकुरीले दुबै भवनको धार्मिक विधिपूर्वक शिलान्यास गर्नुभएको हो ।

स्वास्थ्य चौकीको करिब सात रोपनी जग्गामा वडा कार्यालय र स्वास्थ्य चौकी भवन निर्माण गर्नलागिएको हो । यी दुबै भवनको दुई महिना अघि ठेक्का सम्झौता भई निर्माणको काम अघि बढाईएको थियो ।

जिल्ला समन्वय समितिका प्रमुख माया गुरुङ, गाउँपालिकाका अध्यक्ष रिङजीन नामगेल गुरुङ, उपाध्यक्ष डिकी गुरुङ, वडाध्यक्ष प्रमेश गुरुङसहित स्थानीयवासी र निर्माण व्यवसायीको उपस्थितिमा गुम्बाका प्रमुख लामा ठकुरीले बौद्ध धर्म परम्पराअनुसार धार्मिक विधिपूर्वक भूमि पूजा गरी वडा कार्यालय र स्वास्थ्य चौकी भवन शिलान्यास गर्नुभएको हो । वारागुङ मुक्तिक्षेत्र–१ स्थित झारकोटमा शिलान्यास गरिएको वडा कार्यालय भवन गाउँ पालिकाको आन्तरिक स्रोतमा निर्माण गर्न लागिएको हो भने स्वास्थ्य चौकी भवन प्रदेश सरकारको लागत साझेदारीमा निर्माण गर्न लागिएको हो । वडाध्यक्ष प्रमेश गुरुङका अनुसार साढे दुई तलाको वडा कार्यालय भवन रु एक करोड ५१ हजार र दुई तले स्वास्थ्य चौकी भवनको ठेक्का सम्झौता रु एक करोड ५१ लाख रहेको छ ।

वडा कार्यालय र स्वास्थ्य चौकी भवन दुवै निर्माणको ठेक्का खिङ्गा कन्स्ट्रक्सन मुस्ताङले पाएको छ । ठेक्का प्रक्रिया र सम्झौता केही ढिला भएकाले बहुवर्षीय योजनाको रूपमा लगेर आगामी आर्थिक वर्षमा वडा कार्यालय र स्वास्थ्य चौकी भवन सम्पन्न गर्ने लक्ष्य रहेको वडाध्यक्ष गुरुङले बताउनुभयो । वारागुङ–१ मा वडा कार्यालय र स्वास्थ्य चौकीको सुविधाजनक भवन पूर्वाधार नहुँदा सेवाग्राही र सेवा प्रवाहमा समस्या भएको वडाध्यक्ष गुरुङले बताउँनुभयो ।

# गलेश्वरको सडक स्तरोन्नति: स्लेट ढुंगा बिछ्याइयो

**पोखरापत्र संवाददाता**
म्याग्दी, २१ जेठ

बेनी नगरपालिका-९ स्थित म्याग्दीको प्रमुख धार्मिक पर्यटकीयस्थल गलेश्वरको सौन्दर्यकरणका लागि बजारभित्रको सडक स्तरोन्नति थालिएको छ । सडक स्तरोन्नतिका क्रममा ढुङ्गा बिछ्याइ आकर्षक र सुविधा सम्पन्न बनाउन थालिएको हो ।

हिन्दू तथा वौद्ध धर्मावलम्बीहरुको साझा तीर्थस्थल मुस्ताङको मुक्तिनाथ प्रवेशद्धार मानिने गलेश्वरको बजारभित्रको सडक र पदमार्गलाई मौलिक, व्यवस्थित र सुन्दर बनाइ पर्यटक र भक्तजन आकर्षित गर्न सौन्दर्यकरण योजना निर्माण गरी कार्यान्वयन थालिएको हो ।

गत मङ्सिरमा रु ४८ लाख ७४ हजार २७७ मा ठेक्का सम्झौता गरेको रिभर इडेग इञ्जिनियरीङ एण्ड बिल्डर्सले लक्ष्य अघि योजना सम्पन्न गरेको बेनी नगरपालिका-९ का वडाध्यक्ष चक्र केसीले बताउनुभयो ।

यसवर्ष गलेश्वर मन्दिरको प्रवेशद्वारबाट बसपार्कतर्फ २९५ मिटर दूरीमा स्लेट बिछ्याइएको बेनी नगरपालिकाका सवइञ्जिनियर मिलन केसीले जानकारी दिनुभयो । गतवर्ष गलेश्वर प्रवेशद्धारबाट मन्दिरतर्फ १०६ मिटर दूरीमा सात हजार १०० घनमिटर ढुङ्गा बिछ्याउनुका साथै ५३ घनमिटर पर्खाल र २० मिटर पलम नाली निर्माण भएको थियो । “गलेश्वर बजार सौन्दर्यकरण योजना बेनी नगरपालिकाकोगौरवकोआयोजना हो”, वडाध्यक्ष केसीले भन्नुभयो, “गलेश्वर शिवालय क्षेत्र विकास कोष र बेनी नगरपालिकाको लागत साझेदारीमा योजना सञ्चालन गरिएको हो ।” उहाँका अनुसार सडकलाई सम्माउने, नाली र पर्खाल बनाएर भुईँमा ढलान र कालोपत्रको विकल्पमा दुई इन्च बाक्लो कटिङ्ग ढुङ्गा बिछ्याएर सिमेन्टले जमाइएको छ ।

मुक्तिनाथ र मुस्ताङ जाने आउने पर्यटक तथा भक्तजनलाई गलेश्वरमा भित्र्याउने र उहाँहरूको बसाइँ लम्बाउने उद्देश्यले सौन्दर्यकरण सुरु गरिएको वडाध्यक्ष केसीले बताउनुभयो । गलेश्वर बजारभित्रको सडकमा ढुङ्गा बिछ्यापछि सार्वजनिक यातायातलाई बजार बाहिरको कालिगण्डकी कोरिडोर खण्डबाट मात्र आवतजावतको व्यवस्था मिलाइएको उहाँले जानकारी दिनुभयो ।

भुइँमा बिछ्याइने ढुङ्गामा असर नपर्ने गरी, बजारभित्र निर्माण सामग्री र उपभोग्य सामग्री आपूर्तिका सवारीसाधन सञ्चालन गर्न मिल्ने संरचनाको डिजाइन गरिएको सवइञ्जिनियर केसीले जानकारी दिनुभयो ।

कालीगण्डकी नदी किनारमा नौ रोपनी क्षेत्रफलको एउटा विशाल चट्टानमाथि रहेको गलेश्वर मन्दिरमा पूजाआजा र दर्शन गर्नाले मनोकाङ्क्षा पूरा हुने र पुण्य मिल्ने धार्मिक विश्वास रहेको गलेश्वर शिवालय क्षेत्र विकास कोषका अध्यक्ष माधवप्रसाद रेग्मीले बताउनुभयो ।

हिन्दू धर्म ग्रन्थमा सतीदेवीको गला पतन भएर गलेश्वर नाम रहन गएको उल्लेख गरिएको यस मन्दिरमा साउन महिनाको सोमबार, बालाचर्तुदशी र शिवरात्री पर्वमा विशेष मेला लाग्ने छ । दैनिक नित्य पूजाआजा हुने गर्दछ ।

# जातीय विभेद अन्त्यको सन्देशसहित म्याग्दीमा रक्तदान कार्यक्रम

**पोखरापत्र संवाददाता**
म्याग्दी, २१ जेठ

म्याग्दीमा २०औँ जातीय भेद्भाव तथा छुवाछूत उन्मूलन राष्ट्रिय दिवस रक्तदान कार्यक्रम गरी मनाइएको छ । जिल्लास्थित संयुक्त राजनीतिक दलित सङ्घर्ष समितिको आयोजनामा बेनीको वीरेन्द्रचोकमा आयोजित कार्यक्रममा २० जनाले रक्तदान गरेका छन् ।

नेपाल रेडक्रस सोसाइटी रक्त सञ्चार केन्द्र बेनीले प्राविधिक सहयोग गरेको थियो भने बेनी नगरपालिका-७ को कार्यालयले आर्थिक सहयोग गरेको थियो । समितिका संयोजक पदम किसानले जातीय विभेद र छुवाछूतविरुद्ध सामाजिक चेतना अभिवृद्धि गर्न रक्तदान कार्यक्रम आयोजना गरिएको बताउनुभयो ।

“मानवताको सबैभन्दा ठूलो उदाहरण रक्तदान हो । जसले जात, धर्म, वर्ग वा समुदाय छुट्याउँदैन । यो जीवनदानको आधार पनि हो”, संयोजक किसानले भन्नुभयो । रगत सबैको सबैलाई चल्छ भन्ने सन्देश दिन कार्यक्रमको आयोजना गरिएको उहाँले उल्लेख गर्नुभयो ।

दलित अधिकारकर्मी लालु किसानले दलित समुदायमाथि हुने विभेद अन्त्यका लागि कानुनी व्यवस्था मात्र पर्याप्त नभई सामाजिक व्यवहारमा परिवर्तन आवश्यक रहेको धारणा राख्नुभयो । रक्तदान कार्यक्रमले सामाजिक सद्भाव र मानव एकताको सन्देश प्रवाह गरेको उहाँको भनाइ छ । विसं २०६३ जेठ २१ गते तत्कालीन संसद्ले नेपाललाई ‘जातीय छुवाछूतमुक्त राष्ट्र’ घोषणा गरेको थियो । सोही ऐतिहासिक घोषणाको स्मरणमा प्रत्येक वर्ष जेठ २१ गते जातीय भेद्भाव तथा छुवाछूत उन्मूलन राष्ट्रिय दिवस मनाउन थालिएको हो ।

संविधानले सबै नागरिकलाई समान अधिकारको व्यवस्था गरेको तथा जातीय भेद्भाव र छुवाछूतलाई कानुनले निषेध गरे पनि समाजका विभिन्न क्षेत्रमा अझै विभेदका घटना हुने गरेका छन् । यस्ता कुरीति अन्त्य गर्दै समानता, सामाजिक न्याय र मानवअधिकारको सुनिश्चितता गर्ने उद्देश्यले यो दिवस देशभर विभिन्न सचेतनामूलक कार्यक्रम गरी मनाईंदै आइएको छ ।

## सार्वजनिक सूचना

कास्की जिल्ला पोखरा महानगरपालिका-१२ बस्ने शान्ति गुरुङको नाममा रहेको पोखरा महानगरपालिका वडा नं. १२ को कित्ता नं. १७२ को क्षेत्रफल १९६ वर्गमिटर भएको जग्गामा घर निर्माण कार्य गर्ने क्रममा उत्तर तर्फ कि. नं. ४३ को सधियारा फेला नपरेको हुँदा उक्त निर्माण कार्य गर्दा बाधा पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस पोखरा महानगरपालिका वडा नं. १२ को कार्यलयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

# अन्नपूर्ण आरोहण दिवस: गण्डकीको पर्यटनलाई विश्वमाझ चिनाएको दिन

**विष्णु नेपाल र वासुदेव पौडेल**
गण्डकी, २१ जेठ/रासस



विश्वमा हिमाल आरोहणको जेठो हिमालका रूपमा चासो र चर्चा कमाएको अन्नपूर्ण हिमालको आरोहण भएको दिन जुन ३ ले पोखरासहित समग्र गण्डकी प्रदेशको पर्यटनमा महत्त्वपूर्ण स्थान ओगट्ने गरेको छ ।

गण्डकीलाई विश्वव्यापी रूपमा पहिचान गराउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेको उक्त हिमालको आरोहण दिवस आज विभिन्न कार्यक्रमका साथ मनाइँदैछ । सन् १९५० जुन ३ तारिखमा पहिलोपटक फ्रान्सका मौरिस हर्जोगले म्याग्दीतर्फबाट गर्नुभएको अन्नपूर्ण हिमालको सफल आरोहणपछि नै विश्वमा हिमाल आरोहणतर्फ आकर्षण बढ्दै गएको पाइन्छ ।

हर्जोगको टोलीले म्याग्दीको अन्नपूर्ण गाउँपालिकाको नारच्याङ हुँदै उत्तरी मोहोडाबाट अन्नपूर्ण हिमालको सफल आरोहण गर्नुभएको थियो । उक्त आरोहणको महिमा र गरिमालाई जीवन्त राख्न म्याग्दीको अन्नपूर्ण गाउँपालिकाले फ्रान्सेली टोली हिँडेको पदमार्गलाई प्रवर्द्धन र विकास गर्न सक्रियताका साथ लागेको छ । आठ हजार मिटरभन्दा बढी उचाइको यो हिमाल आरोहणपछि मात्रै विश्वको सर्वोच्च शिखर सगरमाथाको आरोहण भएको हो । यस दिनलाई हरेक वर्ष गण्डकी प्रदेशमा विविध कार्यक्रमका साथ मनाउने गरिएको छ । यस वर्ष पनि म्याग्दीको अन्नपूर्ण गाउँपालिका, ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) गण्डकी प्रदेश, अन्नपूर्ण सेन्चुरी पर्यटन समितिलगायत सङ्घसंस्थाले विभिन्न कार्यक्रमसहित दिवस मनाउने तयारी गरेका छन् । अन्नपूर्ण सेन्चुरी पर्यटन समितिले कास्कीको अन्नपूर्ण आधार शिविरदेखि घान्द्रुकसम्म अन्नपूर्ण म्याराथन आयोजना गरेको समितिका अध्यक्ष ललित गुरुङले जानकारी दिनुभयो ।

फ्रान्सेली टोलीद्वारा आरोहण गरिएको अन्नपूर्ण प्रथम हिमालको उचाइ आठ हजार ९१ मिटर रहेको छ । यो हिमाल आरोहणको सफलतासँगै सन् १९५३ मई २९ तारिखको दिन सर्वोच्च शिखर सगरमाथामा सर्वप्रथम स्वर्गीय तेन्जिङनोर्गे शेर्पा र सरएडमन्ड हिलारीले सफल आरोहण गरेर कीर्तिमान कायम गर्नुभएको थियो । सर्वोच्च शिखर सगरमाथाभन्दा अन्नपूर्ण प्रथम हिमालको उचाइ कम भएका कारण अन्नपूर्ण आरोहणको सफलताले त्यति ख्यातिप्राप्त गर्न नसके पनि यो हिमालले विश्वको सबैभन्दा जेठो हिमालको उपाधि हासिल गरेको नेपाल पर्वतारोहण सङ्घ गण्डकी प्रदेशका अध्यक्ष विकास गुरुङले बताउनुभयो । अन्नपूर्णको सफल आरोहणसँगै समग्र नेपालको पर्वतीय पर्यटनको विकास भए पनि गण्डकी प्रदेशमा रहेका हिमालहरू पर्वतारोहणका लागि अपेक्षित उपयोग गर्न नसकिएको उहाँको भनाइ छ ।अध्यक्ष गुरुङले भन्नुभयो,“अन्नपूर्ण हिमाल पोखरासहित समग्र गण्डकी प्रदेशको पहिचान हो । अन्नपूर्ण हिमालसहित गण्डकीका हिमालहरूको प्रवर्द्धन र उपयोगका लागि स्थानीय तह, प्रदेश सरकारसँगै सम्बद्ध सबैको सहकार्य आवश्यक छ ।” आरोहणको जेठो हिमाल अन्नपूर्ण प्रथमसहित गण्डकी प्रदेशभित्र धेरै अग्ला तथा विभिन्न उचाइका हिमाल रहे पनि हिमाल आरोहणले अपेक्षित गति लिन नसकेकातर्फ सम्बद्ध सबैको चासो पुग्नुपर्ने उहाँको भनाइ छ । गण्डकी प्रदेशमा अन्नपूर्ण, धवलागिरि, मनास्लुजस्ता हिमशृङ्खला छन् । अन्नपूर्ण हिमशृङ्खलाअन्तर्गत आठ हजार मिटरभन्दा अग्लो अन्नपूर्ण प्रथमसहित अन्य सात हजार मिटरभन्दा बढी उचाइका अन्नपूर्ण दोस्रो, तेस्रो र चौथो, अन्नपूर्ण साउथ, गङ्गापूर्ण, बराहशिखर हिमाल छन् । अन्नपूर्ण शृङ्खलाअन्तर्गत नै तिलिचो पिक, नीलगिरि, लम्जुङ आदि हिमाल रहेका छन् । तथ्याङ्कअनुसार सन् १९५० भन्दा अघि पोखरामा आउने विदेशी पर्यटकको सङ्ख्या नगण्य रहेको थियो । मौरिस हर्जोगको टोली अन्नपूर्ण हिमालको आरोहणमा आउने र जाने क्रमसँगै पोखरासहित समग्र गण्डकी प्रदेशमा पर्यटकीय गतिविधि बढेको पाइन्छ । अन्नपूर्ण प्रथमको आरोहणपछि नै पोखरासहित गण्डकी प्रदेश हुँदै समग्र नेपाललाई पर्यटकीय रूपमा विश्वभरि चिनाउने काम भएको पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारीले बताउनुभयो । अन्नपूर्ण हिमालसहित गण्डकी प्रदेशमा रहेका हिमाललाई पर्वतीय पर्यटनका माध्यमबाट जोड्नु आवश्यक रहेको उहाँको भनाइ छ । अन्नपूर्ण हिमाल अन्नपूर्ण संरक्षण क्षेत्रद्वारा संरक्षित छ । यस हिमाल र आसपासको सात हजार ६२९ वर्गकिमीलाई अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनामार्फत संरक्षण गरेर राखिएको छ । अन्नपूर्ण संरक्षण क्षेत्रअन्तर्गत हिमालपारिका जिल्ला मनाङ र मुस्ताङसहित म्याग्दी, कास्की र लमजुङका विभिन्न भूभाग समेटिएको छ । अन्नपूर्णसहित गण्डकी प्रदेशका हिमालहरूलाई संरक्षण, प्रवर्द्धनसँगै पदयात्रा एवं पर्वतीय पर्यटनका माध्यमबाट उपयोग गर्न सकेमा त्यसले यहाँको पर्यटनमा विशिष्ट योगदान पुग्ने नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछाने बताउनुहुन्छ । हाम्रा हिमालहरूको राष्ट्रिय एवं अन्तरराष्ट्रिय चिनारीका लागि आवश्यक प्रवर्द्धनात्मक कार्यक्रम जरुरी रहेको बताउँदै उहाँले बोर्डले पर्यटनसम्बद्ध सङ्घसंस्थासँगको सहकार्यमा यस कार्यलाई प्राथमिकताका साथ अघि बढाएको बताउनुभयो ।

पदयात्राका लागि स्वदेशी एवं विदेशी पर्यटकको आकर्षण बन्दै गएको अन्नपूर्ण क्षेत्र ‘अन्नपूर्ण सर्किट’ रहेको छ । यस हिमालको पेरिफेरीमा अन्नपूर्ण चक्रीय पदमार्गसहित अन्य विभिन्न पदमार्ग रहेका टान गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्यले बताउनुभयो ।

उहाँका अनुसार जथाभावी बाटो खन्ने क्रमले पछिल्ला दिनमा २१ दिन समयावधि लाग्ने पदमार्ग पाँच/सात दिनमा पार गर्न सकिने भएको छ । मौरिस हर्जोगले आरोहणका क्रममा पदयात्रा गरेको म्याग्दीको नारच्याङ हुँदै अन्नपूर्ण उत्तरी आधार शिविरसम्मको पदमार्ग सात/आठ दिनमा पार गर्न सकने उहाँले जानकारी दिनुभयो । यस्तै, पुलहिलदेखि कास्कीतर्फको अन्नपूर्ण आधार शिवर, मर्दी हिमाल पदमार्ग, घान्द्रुक-टाढापानी-मुल्डे-हिडन लेक हुँदै छोम्रोङजस्ता धेरै पदमार्ग अन्नपूर्ण हिमालको पेरिफेरीमा रहेका छन् ।

पदयात्रा, हिमाल आरोहणलगायत कारणले अन्नपूर्ण हिमाल पोखरासहित समग्र गण्डकी प्रदशेको महत्त्वपूर्ण पर्यटकीय चिनारीका रूपमा स्थापित छ । यस वर्ष टान गण्डकीले लमजुङको दोर्दी गाउँपालिकाका गन्तव्यहरूको प्रवर्द्धनसहित जलवायु परिवर्तन र विश्वव्यापी उष्णताले पर्वतीय पर्यटनमा पारेको प्रभावलागयत विषयमा छलफल एवं अन्तर्क्रिया गर्न लागेको जनाइएको छ ।

# नारच्याङमा ७६औँ अन्नपूर्ण आरोहण दिवस मनाइयो

**पोखरापत्र संवाददाता**
म्याग्दी, २१ जेठ

आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण हिमाल आरोहण गर्ने बाटो र आधार शिविर रहेको म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ नारच्याङमा बुधबार विविध कार्यक्रमका साथ ७६औँ आरोहण दिवस मनाइएको छ ।

चार हजार १९० मिटर उचाइमा रहेको अन्नपूर्ण आधार शिविरदेखि नारच्याङसम्म खुला दौड प्रतियोगिता, पदयात्रा, आरोही र आधार शिविर जोड्ने मौरिस हर्जोग पदमार्गको विकास तथा प्रर्वद्धनमा योगदान गरेका व्यक्ति तथा संस्थालाई सम्मान र सांस्कृतिक कार्यक्रम गरेर दिवस मनाइएको हो ।

सन् १९५० जुन ३ तारिखमा फ्रान्सका मौरिज हेर्जोग र लुई लचेनलको टोलीले अन्नपूर्णको शिखर चुमेको तीन वर्षपछि विश्वको सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण भएको थियो । आठ हजार मिटरभन्दा अग्लो पहिलो मानव पाइला परेका कारण अन्नपूर्णलाई जेठो हिमाल भनिन्छ । पर्यटन विभागको अभिलेखअनुसार आरोहणका हिसाबले जोखिमयुक्त मानिने अन्नपूर्णमा ७६ वर्षको अवधिमा ५७२ जनाले आरोहण गरेका छन् ।

नेपालको पर्यटन क्षेत्रको विकास र पर्वतारोहणको शुभारम्भ भई हिमाललाई विश्वभर चिनाउने दिनको सम्झनाका रूपमा अन्नपूर्ण आरोहण दिवस मनाइएको अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले बताउनुभयो । दिवसका अवसरमा आयोजित रु एक लाख २५ हजार पुरस्कार राशिको ३१ दशमलव छ किलोमिटर दूरीको दोस्रो अन्नपूर्ण हेर्जोग दौड प्रतियोगिमा पुरुषतर्फ ताप्लेजुङका रमेश लिम्बू र महिलातर्फ डोल्पाकी सुनसरी रोका विजयी भएका छन् । एथ्लेटिक्स सङ्घ गण्डकी र नेपाल भूतपूर्व खेलाडी मञ्चको प्राविधिक सहयोगमा भएको प्रतियोगितामा नौ महिला र १२ जना पुरुष सहभागी भएको सो प्रतियोगिता अन्नपूर्ण गाउँपालिका-४ का वडाअध्यक्ष लोकबहादुर फगामीले बताउनुभयो । लिम्बूले दुई घण्टा चार मिनेट र रोकाले दुई घण्टा ४७ मिनेट १६ सकेन्डमा उक्त दूरी पूरा गरी उपाधि हासिल गर्नुभएको हो । उहाँका अनुसार पुरुषतर्फ मनकुमार रोका काठमाडौँले दुई घण्टा १६ मिनेट ११ सकेन्डमा दूरी पार गरेर दोस्रो र दुई घण्टा २३ मिनेट १२ सकेन्डमा दूरी पार गरेर अर्जुन कुलिङ सोलुखुम्बुले तेस्रो स्थान हासिल गर्नुभएको छ । यसैगरी, महिलातर्फ पुष्पा शेरमा पाँचथरले दुई घण्टा ५२ मिनेट सात सकेन्डमा दूरी पार गरेर दोस्रो र निर्मला राई (खोटाङ)ले २ घण्टा ५३ मिनेट ३० सकेन्डमा उक्त दूरी पार गरेर तेस्रो हुनुभएको छ । यसैगरी, प्रतियोगितामा पुरुषतर्फ लोकेन्द्र राई (सोलुखुम्बु), होमलाल श्रेष्ठ (रामेछाप), सनम गुरुङ (तनहुँ) र महिलातर्फ सन्देभा बुढा (जुम्ला), आशमा विक (रोल्पा), भिमु बुढा (जुम्ला)ले सन्त्वना पुरस्कार प्राप्त गर्नुभएको छ । प्रतियोगितामा प्रथम हुनेलाई रु एक लाख २५ हजार, दोस्रोलाई रु ७५ हजार, तेस्रोलाई रु ४३ हजार ७५० नगदसहित प्रमाणपत्र र सान्त्वना हुनेलाई रु १२ हजार ५०० का दरले नगद पुरस्कारसहित सम्मान गरिएको थियो ।

तीन पटकसम्म अन्नपूर्ण हिमाल आरोहण गरेका छाङ्वा शेर्पा र महिला आरोही माया शेर्पालाई सम्मान गरिएको छ । मौरिस हर्जोग पदमार्गको पहिचान गरेका तेजबहादुर गुरुङ, उद्धारकर्मी इन्द्रसिंह शेरचन, नक्सा तयार पार्नुभएका चित्रबहादुर तिलिजा, प्रचारप्रसारमा योगदान गर्ने नेपाल पत्रकार महासङ्घ र सञ्चारकर्मी गणेश गुरुङ (सुरेन)लाई सम्मान गरिएको थियो । नारच्याङका तेज गुरुङको अगुवाइमा २०६८ सालमा अन्नपूर्ण हिमाल र आधार शिविर म्याग्दीमा पर्ने तथ्य तथा पदमार्ग पहिचान भएको थियो । सो पदमार्गलाई अन्नपूर्ण गाउँपालिकाले २०७७ सालमा नक्साङ्कन र ‘मौरिस हेर्जोग’ नामकरण गरेको थियो । दिवसको अवसरमा नारच्याङको मौलिक पुर्ख्यौली र स्थानीय कलाकारहरूबाट नृत्य प्रस्तुत गरिएको वडा सदस्य श्याम पुर्जाले बताउनुभयो ।